# जिल्ला विकास समिति दोलखा
# २२ औं जिल्ला परिषद,
# नीति, कार्यक्रम तथा बजेट वक्तव्य

२२ औं जिल्ला परिषद् उदघाटन सत्रका प्रमुख अतिथि व्यवस्थापिका संसदका माननीय सांसद पशुपति चौलागाईंज्यू ,

व्यवस्थापिका संसदका माननीय सांसदज्यूहरु,

माननीय जिल्ला न्यायधीशज्यू,

पूर्व राज्य मन्त्रीज्यू,

पूर्व सभासदज्यूहरु,

पूर्व सांसदज्यूहरु,

प्रमुख जिल्ला अधिकारीज्यू,

जिल्लास्थित राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू,

जिल्ला विकास समितिका पूर्व सभापति एवम् उपसभापतिज्यूहरू,

आदिवासी/जनजाती, दलित, अपाङ्ग, महिला, वालवालिका, ज्येष्ठ नागरिकसँग सम्बन्धित निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू,

सरकारी तथा गैर सरकारी कार्यालय/निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू,

विकास साझेदारका प्रमुख एवम् प्रतिनिधिज्यूहरू,

गाविस सचिवज्यूहरू,

पत्रकार, नागरिक समाज, उद्योगपति, वुद्धिजीवि, शिक्षक, किसान, मजदुर तथा उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरू,

प्राकृतिक प्रकोपको कारण विपत्तिको सामना गरिरहेको अवस्थामा दोलखा जिल्लाको २२ औं जिल्ला परिषद् सम्पन्न गर्ने चरणमा छौं । यस जिल्ला परिषद् बाट पारित भएका निर्णयहरु सार्वजनिकीकरण समारोहमा उपस्थित हुनुभएकोमा जिल्ला विकास समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

नेपालको तत्कालिन संविधान सभाले समावेसी र समानुपातिक सिद्दान्तलाई आत्मसात गर्दै नेपालको संविधान २०७२ जारी गरी राजनैतिक सङ्क्रमणको अन्त्य तथा आर्थिक विकासको लागि मार्गदर्शन गरेकोमा तत्कालिन संविधान सभाका माननीय सभासद लगायत अन्य सरोकार महानुभावहरुमा आभार व्यक्त गर्दछु ।

नेपाल भूकम्पीय दृष्टीकोणले जोखिमयुक्त क्षेत्रको रुपमा रहेको भूकम्पविदहरुले वताइरहेको बेला २०७२ साल वैशाख १२ गते गोरखाको वारपाक केन्द्रबिन्दु भएर आएको ७.६ रेक्टर स्केलको विनासकारी भूकम्प र त्यसपछि दोलखाको सुनखानी गाविस केन्द्रबिन्दु भएर ६.७ रेक्टर स्केलको शक्तिशाली पराकम्पनले नेपालमा ठुलो जनधनको क्षति भयो। भूकम्पको कारण नेपालमा ८,७९० जनाले ज्यान गुमाए तथा २२,३०० जना घाइते भएका छन् जसमध्ये दोलखा जिल्लामा मात्र १७७ जनाले ज्यान गुमाए भने ६६३ जना घाइते भएका छन। विनासकारी भूकम्पको कारण आफ्नो ज्यान गुमाएका व्यक्तिहरु तथा नेपालको राजनैतिक र

आर्थिक परिवर्तनका लागि विभिन्न आन्दोलनमा ज्यान गुमाएका ज्ञात अज्ञात सम्पूर्ण शहिदहरुप्रति हार्दिक श्रदान्जली अर्पण गर्दछु । त्यसैगरी परिवारका सदस्य गुमाएका घरपरिवारहरुप्रति हार्दिक समवेदना व्यक्त गर्दै घाइतेहरुको स्वास्थ्य लाभको कामना गर्दछु ।

## आदरणीय महानुभावहरु

विनासकारी भूकम्पको कारण जिल्लामा मानवीय क्षतिको साथै ९० प्रतिशत भन्दा बढी व्यक्तिको घर, सरकारी भवन, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, उद्योग, व्यापार व्यवसाय, धार्मिक सम्पदा आदिमा क्षति पुगी आम नागरिकको दैनिक जीवनचक्र प्रभावित हुन पुग्यो र वारम्वारको पराकम्पनले वर्तमानमा पनि जनमानसलाई त्रसित बनाइरहेको छ । यस महाविपत्तिको समयमा जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वय र सहकार्यमा पीडितहरुको खोज, उद्धार र राहत वितरणमा महत्वपूर्ण सहयोग पुर्याउनु हुने माननीय सांसदज्यूहरु, जिल्लास्थित राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिहरु, सुरक्षा निकायहरु, जिल्लास्थित सरकारी तथा गैर सरकारी निकायहरु, अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरु र पत्रकार तथा नागरिक समाजलाई धन्यवाद व्यक्त गर्दछु । प्राकृतिक प्रकोप पछिको महाविपत्ति सामना गरी पुन: सामान्य अवस्थामा चाडै फर्कने दोलखावासीको क्षमता (Resilience) प्रति आभार व्यक्त गर्दछु ।

दोलखा जिल्लाको भौतिक, आर्थिक र सामाजिक विकासमा कहालीलाग्दो क्षति, घरपरिवारको अप्राकृतिक खण्डीकरण, नागरिकहरुमा परनिर्भरताको विकास, सुस्त गतिको सरकारी विकास प्रक्रिया, जनप्रतिनिधिविहीन स्थानीय निकाय, अन्तराष्ट्रिय गैर सरकारी निकायहरुले गरेको करोडौ लगानीबाट आशातित नतिजा नदेखिनु, अझै पनि भूकम्प पीडित विपन्न नागरिकहरुको कष्टकर जीवन, भौगोलिक विकटता जस्ता हाम्रा विकासका चुनौतिहरु र सवै सरोकारवालाहरुको समन्वय र सहकार्यमा स्थानीय रोजगार सहितको पुनर्निर्माण तथा नव निर्माण गरी समृद्ध दोलखा वनाउने महान अवसरको वीचमा हामी उभिएका छौ । जिल्लाको विकासलाई योजनाबद्ध वनाउनको लागि स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६, स्थानीय निकाय श्रोत परिचालन कार्यविधि २०६९, भूकम्पबाट पूर्ण रुपमा क्षति भएका आवास पुननिर्माण अनुदान वितरण कार्यविधि २०७२, विभिन्न मार्गदर्शन र विकेन्द्रीकरणको सिद्दान्त अनुरुप सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका १४ वटा तह पार गरी जिल्ला विकास समितिबाट पारित भएका नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न गईरहेको छु । यस अवसरमा सम्पूर्ण जिल्लावासीहरुलाई बधाई तथा उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दछु ।

## आदरणीय महानुभावहरु

विकासको प्रचुर सम्भावना बोकेको यस जिल्लामा विकासको परम्परागत सोचहरुमा तत्काल परिवर्तन गरी अगाडि बढ्नुपर्ने देखिन्छ । नयाँ संस्कृतिको थालनी, भवन निर्माण संहिताको पूर्ण पालना र भूकम्प प्रतिरोधात्मक सहितको नव निर्माण, एकीकृत वस्ती विकास, सडक संजालको दिगोपना र यसलाई उत्पादनसँग जोड्ने, पर्यटन पूर्वाधारको विकास, जलविद्युत आयोजनाहरुको विस्तार, प्रबर्द्दन र विकास, वातावरणीय संरक्षण, वन पैदावार तथा जडिबुटीको व्यवसायीकरण र बजार व्यवस्थापन, कृषि उत्पादकत्व बृदि र व्यवसायिकरणको लागि भू-उपयोग नीति तर्जुमा गरी आर्थिक समृद्धिमा पुग्न सकिन्छ । त्यसैगरी स्वच्छ खानेपानी तथा सरसफाई अभियान, पूर्ण साक्षरता अभियान, सामाजिक मनोपरामर्श, स्वास्थ्यमा सुधार र पहुँच जस्ता सामाजिक क्षेत्रलाइ नव निर्माणमा समाहित गरी सामाजिक विकास सहितको समृद्ध दोलखा बनाउनु आजको आवश्यकता देखिन्छ । **"समृद्ध दोलखाको आधार, जलश्रोत, पर्यटन, व्यवसायिक कृषि र पूर्वाधार"** भन्ने मूल लक्ष्यका साथ अगाडि बढीनेछ ।

**आदरणीय उपस्थित महानुभावहरू**

दोलखा जिल्लामा उपलब्ध स्रोत तथा साधनहरूको परिचालन मार्फत चालु आर्थिक वर्षमा कार्यान्वयन भएका केही उल्लेखनीय कार्यहरू यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु ।

- विनासकारी भूकम्पबाट जिविस र जिल्ला प्राविधिक कार्यालयको भवन पूर्ण क्षति भएकोले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को सहकार्यमा तत्काल एउटा (७ कोठाको समीक्षा हल सहित) भवन निर्माण गरी कार्यालय व्यवस्थापन गरिएको छ ।
- आ. व. २०७२/७३ मा जिविस, गाविस र विषयगत कार्यालयहरुले चौमासिक रुपमा संचालन गरेका कार्यक्रम/आयोजनाहरुको सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा लैंगिक बजेट परीक्षण सम्पन्न गरिएको छ ।
- सामाजिक परिचालन कार्यक्रम संचालन गर्ने ६ वटा सेवा प्रदायक संस्थाको छनौट र रिक्त रहेका १९ जना सामाजिक परिचालाकहरु सेवा प्रदायक संस्थाहरु मार्फत पदपूर्ति गरी सामाजिक परिचालन कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाईएको छ ।
- २०७२ साल बैशाख १२ गतेको विनासकारी भूकम्प र त्यसपछिका शक्तिशाली पराकम्पनहरुबाट भएको क्षतिको विवरण, जिल्ला दैवी प्रकोप उद्धार समिति (DDRC) का निर्णयहरु आम नागरिकहरुलाई जानकारी गराउनको लागि भूकम्प विशेषांक प्रकाशन गरी वितरण गरिएको छ ।
- भूकम्प पीडितहरुको लागि राहतस्वरुप सरकारबाट निकासा भएको रु.२ हजार र रु. १५ हजार तथा न्यानो कपडा खरिद वापत रु. १० हजार रकम दोलखा जिल्लाका भूकम्पपिडीतहरुलाई (धैरै घरपरिवार) सहज रुपमा वितरण गरिएको छ र नपुग रकम सम्वन्धित निकायमा माग गरी पठाइएको छ ।
- भूकम्प प्रभावित आवास पुन: निर्माण लगत संकलन कार्यक्रम २०७२ अन्तर्गत भूकम्प प्रभावित १४ जिल्लामध्ये दोलखा जिल्लाबाट शुरु भै सबै सरोकारवाला निकायहरुको समन्वयमा भूकम्पपीडितहरुको लगत संकलन कार्य सहज रुपमा सम्पन्न गरिएको छ ।
- गत आ. व. २०७१/७२ मा संचालित आयोजना तथा कार्यक्रमहरुको बार्षिक प्रगति समीक्षा सम्पन्न गरेको छ । वार्षिक समीक्षा, सामाजिक परीक्षण, लैङ्गिक परीक्षण, र सार्वजनिक सुनुवाई आदिका आधारमा पूर्व योजना तर्जुमा गोष्ठी मार्फत मार्गदर्शन तयार पारी नगरपालिका, गाविस र विषयगत निकायहरुलाई पठाइएको छ ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तरगत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को सहयोगमा यस जिल्लाको १६ वटा गाविसहरुको भवन निर्माणाधीन रहेकोछ ।
- भौतिक पूर्वाधार विकासलाई दिगो वनाउन गुणस्तर परीक्षण प्रयोगशाला (Quality Test Lab) स्थापना गरी कार्य अगाडि बढाईएकोछ ।
- जिल्लाको वर्तमान अवस्था विश्लेषण, विकासका प्राथमिकताहरू निर्धारण गरी वार्षिक जिल्ला विकास योजना तर्जुमा र नतिजामुखी अनुगमन तथा मुल्यांकनको गन्तव्य तय गर्न पाँच वर्षीय आवधिक जिल्ला विकास योजना तर्जुमाको प्रक्रियामा रहेको छ । उक्त योजना तर्जुमाको शिलसिलामा जिल्लाको विभिन्न ७ स्थानमा छलफल र अन्तरक्रिया गोष्ठी भएको छ ।
- राष्ट्रिय योजना आयोग र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मार्गदर्शन तथा समन्वयमा जिल्ला योजना अनुगमन तथा मूल्यांकन प्रणाली (DPMAS) सञ्चालन गरिएको छ । यस अन्तर्गत आ. व. २०७१/ ७२ को जिविस, गाविस र विषयगत निकायहरुसँग सम्वन्धित तथ्यांकहरु Online Software मा प्रबिष्ट गरी प्रयोगमा ल्याइएको छ ।
- Web Based Reporting अन्तर्गत विकास आयोजना कार्यक्रमहरूको चौमासिक विभाजन गरी वार्षिक प्रगति प्रतिवेदन online मार्फत अनुगमन प्रणालीलाई प्रभावकारी बनाइएको छ ।

- विद्युतीय शासनलाई अवलम्बन गर्न Audio Notice Board, Digital Display Board, सामाजिक संजाल तथा विभिन्न software मार्फत सेवालाई गुणस्तरीय, प्रभावकारी र पारदर्शी बनाउन पहल गरिएको छ।
- जिल्ला विकास समितिको वेभसाइट www.ddcdolakha.gov.np मार्फत विकासका गतिविधिहरु, नीतिगत निर्णयहरू, सूचना, सामाजिक सुरक्षा सम्वन्धी विवरण, बजेट तथा कार्यक्रमहरू आम नागरिकमा जानकारी गराई पारदर्शिता अभिबृद्धि गरिएको छ।
- आर्थिक वर्ष २०७०/७१ को जिल्ला विकास समितिको न्यूनतम शर्त मापन तथा कार्य सम्पादन (MCPM) मूल्यांकन आ.व. २०७१/०७२ मा सम्पन्न गर्दा ७९ अंक प्राप्त गरी जिविस दोलखा दोश्रो स्थान हासिल गर्न सफल भएको छ।

**आदरणीय अतिथिज्यूहरू,**

अव म आगामी आर्थिक वर्षको लागि तय गरिएका वजेटका मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## १. शिक्षा

१.१ गत वर्ष विनासकारी भूकम्पबाट विनास भएका शैक्षिक क्षेत्रका भौतिक पुर्वाधारहरु भूकम्पप्रतिरोधी प्रविधिबाट पुर्ननिर्माण गरी विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री र महिलामैत्री शैक्षिक वातावरण तयार गरिनेछ।

१.२ यस जिल्लालाई निकट भविष्यमा साक्षर दोलखा घोषणा गर्नेगरी कार्यक्रम अगाडी बढाइनेछ। गुणस्तरीय शिक्षा अभिबृद्धिको लागि गाउँ/नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघको क्रियाशिलता बढाइने, दण्ड सजाय रहित बालमैत्री शिक्षण सिकाई, नि:शुल्क र आधारभुत शिक्षा र तालिम प्राप्त शिक्षकहरुबाट कक्षा कोठामा तालिमको प्रयोगमा जोड दिइनेछ।

१.३ विद्यालयमा सुशासन, पारदर्शिता र जवादेहिता अभिबृद्धिको लागि विद्यालयमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र अन्तिम लेखा परीक्षणलाई वास्तविकतामा आधारित बनाइने छ।

१.४ गाउँ तहमा शिक्षाको अवस्था सुधार गर्न, शिक्षाको लागि आवश्यक पूर्वाधार तयार गर्न, गुणस्तरीय, व्यवहारिक, जीवन उपयोगी शिक्षा प्राप्त गर्न पाउने बालबालिकाहरुको मौलिक अधिकारलाई सुनिश्चित गर्न भौतिक पूर्वाधार, त्यसको संस्थागत विकास र समुदायको सहभागिता अभिबृद्धिमा विशेष जोड दिइने छ।

१.५ गाउँ/नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक, शिक्षिका, स्थानीय निकाय, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, सामुदायिक अध्ययन केन्द्र, आमा समूह लगायत विभिन्न सरोकारवालाहरुको सक्रियतामा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयको मूल प्रवाहमा समाहित गराइनेछ।

## स्वास्थ्य, खानेपानी तथा सरसफाइ

१.६ सुरक्षित प्रसुती सेवा केन्द्र स्थापना, आमा र बच्चाको स्वास्थ्य तथा पोषणमा सहयोग, बहुक्षेत्रीय पोषण प्रबर्द्धन, महिला स्वास्थ्य स्वयम् सेविकालाई प्रोत्साहन, नगरपालिका र गाविसलाई पूर्ण खोपयुक्त घोषणा पश्चात खोपको सुनिश्चितता कायम राख्ने कार्यक्रम तथा आयोजनालाई प्राथमिकताकासाथ अगाडि बढाइनेछ।

१.७ पूर्ण संस्थागत सुत्केरी ( Zero Home Delivery) , डिजिटल हेल्थ दोलखा (Digital Health Dolakha), हरियाली स्वास्थ्य संस्था ( Zero Waste Management Health Institution) जिल्ला निर्माण गर्ने नीति लिइनेछ।

१.८ दोलखा जिल्लाको स्वास्थ्य अवस्थालाई सुधार गर्नको लागि स्वास्थ्य विमा गर्ने नीति लिइनेछ। विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको सहकार्य र समन्वयमा विनासकारी भूकम्पबाट क्षति भएका स्वास्थ्य पुर्वाधार पुर्ननिर्माण गरी स्वास्थ्य सेवालाई अझ प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

१.९ दोलखा जिल्लाको सिंगटीमा अवस्थित सिंगटी अस्पताललाई नेपाल सरकारको स्वामित्वमा संचालन गर्न र चरिकोटमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई २५ वेडको अस्पताल वनाउने नीति लिइनेछ।

१.१० महिला र नवजात शिशुको स्वास्थ्य अवस्था सुधार गर्नको लागि २४ घण्टे प्रशुती सेवा सञ्चालनमा रहेका स्वास्थ्य चौकीको व्यवस्थापन क्षमता अभिबृद्धि गरी अन्य स्वास्थ्य चौकीमा पनि स्थानीय निकाय समेतको सहकार्यमा २४ घण्टे प्रशुती सेवा विस्तार गर्दै लगिनेछ ।

१.११ आयुर्वेदिक लगायत अन्य पुरक चिकित्सा एवम् सवै प्रकारको निजि स्वास्थ्य सेवालाई जिल्ला स्वास्थ्य कार्यक्रममा समाहित गरी सेवालाई अझ व्यवस्थित गरिनेछ ।

१.१२ आयूर्वेद औषधालयहरूको संस्थागत सुदृढीकरणमा जोड दिदै प्राकृतिक चिकित्सा लगायत अन्य पुरक स्वास्थ्य पद्धति, जडिबूटि तथा वनऔषधिको अत्याधिक सम्भावना रहेको यस जिल्लालाई जडिवूटि उत्पादन तथा प्रशोधन स्रोत केन्द्रका रुपमा स्थापना गर्न पहल गरिनेछ ।

१.१३ सन् २०२२ सम्म खानेपानीलाई सबैका पहुँचमा पुर्याउने उद्देश्यका साथ खानेपानी तथा सरसफाई सम्बद्ध निकायहरुलाई एकीकृत कार्ययोजना बनाई सन २०२२ सम्ममा एक घर एक धारा अभियान प्रकृया अगाडि बढाइने छ । जिल्ला सरसफाई रणनीतिक योजना र जिल्ला गाउँ नगर खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिसँगको समन्वयमा खानेपानी र सरसफाइसँग सम्बन्धित संस्थाहरुबाट कार्यक्रम सञ्चालनमा जोड दिइने छ । गाविस तथा नगरस्तरमा स्थायी प्रकृतिका खानेपानी उपभोक्ता समितिलाई प्रोत्साहित गर्दै एक घर एक धाराको अभियान अगाडि बढाई पूर्ण सरसफाईतर्फ उन्मुख हुने आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

१.१४ खुल्ला दिशामुक्त जिल्ला घोषणाको संघारमा आएको अवस्थामा विनासकारी भूकम्पको कारण पुन: पहिलाको अवस्थामा आएको सन्दर्भमा सन् २०१६ भित्र जिल्लालाई पुन: खुल्ला दिसामुक्त अवस्थामा पुर्याई जिल्ला घोषणा गरिनेछ । खुल्ला दिसामुक्त अवस्थामा पुगेका गाविस/नगरपालिकाहरुलाई पूर्ण सरसफाई तर्फ लैजानको लागि आवश्यक रणनीति र कार्ययोजना बनाइनेछ । साथै स्वच्छ र सफा घरको अवधारणालाई अगाडि बढाउन आवश्यक सूचक तय गरी कार्य अगाडि बढाइनेछ ।

१.१५ सन् २०१६ भित्र दोलखा खुल्ला दिसामुक्त जिल्ला घोषणा हुन गईरहेको सन्दर्भमा यातायात सञ्चालन हुने सडकहरुमा निश्चित दुरीमा डिभिजन सडक कार्यालय, सम्बन्धित गाविस तथा नगरपालिका र यातायात व्यवसायी संघ समेतको साझेदारीमा सार्वजनिक शौचालय निर्माण गरी सञ्चालन गर्दै लगिने छ । सबै सरकारी कार्यालयहरुले आफु मातहतका कार्यालय, सेवा केन्द्र, चौकी एवम् निकायहरुमा अपाङ्गमैत्री, लैङ्गिकमैत्री र स्वच्छ शौचालय सञ्चालन र सफा खानेपानी उपलब्ध गराइनेछ ।

## २. सामाजिक विकास

२.१ आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका वर्ग तथा समुदायको आवाज अभिबृद्धि गर्न, सेवा प्रवाहमा उनीहरूको पहुँच अभिबृद्धि गरी सामाजिक रुपान्तरण मार्फत गरिवी न्युनीकरणलाई सहयोग पुर्याउन, सञ्चालित सामाजिक परिचालन कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाइनेछ । साथै उनीहरूको क्षमता अभिबृद्धि गर्न, स्थानीय तहमा सुशासनको अनुभूति दिलाउन वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई प्रभावकारी बनाउन सेवा प्रदायक संस्थालाई जिम्मेवार बनाइनेछ ।

२.२ सामाजिक परिचालनमार्फत सवै गाविस र नगरपालिकाहरुमा विपन्न स्तरीकरण नक्साङ्कन (DAG Mapping) कार्यको अद्यावधिक गरिने छ । सोको नतिजाको आधारमा अति विपन्न तथा आर्थिक सामाजिक रुपमा पछाडि परेका वर्ग तथा समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२.३ आर्थिक सामाजिक रुपमा पछाडि परेका/पारिएका वर्गको आर्थिक उपार्जनमा सहयोग पुर्याउन र गरिवी न्युनिकरणको लागि गरिबी निवारण कोष मार्फत सञ्चालित सामाजिक परिचालन कार्यक्रम प्रभावकारी बनाउन सेवा प्रदायक संस्था र समुदायलाई जिम्मेवार बनाइनेछ ।

२.४ आर्थिक, सामाजिक र भौतिक पुर्वाधारको विकासमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको लगानीलाई प्रोत्साहित गरिनेछ । उक्त संस्थाहरूबाट हुन सक्ने दोहोरोपनलाई हटाउन, समन्वय र सहकार्य अभिबृद्धि गर्न र एकद्वार

प्रणालीलाई संस्थागत गर्न जिविस अन्तर्गत रहेको गैरसरकारी संस्था समन्वय उपसमितिलाई क्रियाशिल बनाइने छ। गैससबाट सञ्चालित कार्यक्रमको सुपरीवेक्षण, अनुगमन, समन्वय, सहजीकरण र अभिलेखन कार्यलाई व्यवस्थित गरिनेछ। विकासका साझेदारहरु INGOs/NGOs ले सम्पादन गर्ने कार्यहरुलाई बढी प्रभावकारी र जनताको जीवनस्तरलाई उकास्नको लागि सहयोग पुर्याउने उद्देश्यका साथ ती संस्थाहरुले गर्ने कार्यलाई **सफ्टवयरको क्षेत्रमा ६० प्रतिशत** र **हार्डवयरको क्षेत्रमा कम्तिमा ४० प्रतिशत** रकम विनियोजन गर्नुपर्ने नीतिलाई अगाडि बढाइनेछ।

२.५ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम जिविसको वेव साइटमा समावेश गरी लाभग्राहीहरुको अभिलेख दुरुस्त राखी सोको पारदर्शिता र नियमितता सुनिश्चित गरिने छ। साथै पञ्जिकरणको अभिलेखलाई पनि विद्युतीय माध्यममा सुरक्षित गर्नको लागि प्रकृया अगाडि बढाइनेछ।

## ३. महिला तथा बालबालिका

३.१ नेपालको संबिधान २०७२ लगायत नेपाल सरकारबाट बनेका ऐन, नियम, कार्यविधि, निर्देशिका अनुरुप आयोजनाहरूको छनौट, कार्यान्वयन, अनुगमन र लाभको बाँडफाँडमा महिलाको सक्रिय सहभागिता सुनिश्चित गर्दै महिलाको आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

३.२ दोलखा जिल्लालाई बालमैत्री स्थानीय शासन घोषणाको लागि आवश्यक तयारी गर्दै बालमैत्री स्थानीय शासनलाई अवलम्बन गरिसकेको सन्दर्भमा जिल्लालाई बालमैत्री स्थानीय निकायको रुपमा स्थापित गर्न कम्तीमा १० वटा गाविसलाई बालमैत्री स्थानीय निकायको रुपमा घोषणा गर्न आवश्यक तयारी गरिनेछ ।

३.३ लैंगिक हिंसा, बाल विवाह, बहुविवाह न्यूनीकरणको लागि आवश्यक चेतनामुलक कार्यक्रम सञ्चालन गर्दै हिंसापीडितहरुको संरक्षणको लागि स्थापित हिंसापीडितसंरक्षण कोषलाई निरन्तरता दिइने छ । साथै गाविस तथा नगरपालिका तहमा पनि विभिन्न संघसंस्थाहरुको सहयोग र समन्वयमा जोखिममा परेका व्यक्तिहरुलाई संरक्षण गर्नको लागि संरक्षण कोष स्थापना र परिचालनमा जोड दिइनेछ।

३.४ वालवालिकाहरूको पोषण, हेरचाह, वालश्रम न्यूनीकरण तथा अपाङ्ग, असहाय बालबालिकाको संरक्षणका लागि विभिन्न संघ संस्थाहरुको समन्वयमा कोष स्थापना गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३.५ हिंसामा परेका महिला तथा बालबालिकाहरूलाई सहयोग, संरक्षण, पूनःस्थापना गर्न विभिन्न दातृ निकायको सहयोग र समन्वयमा अल्पकालिन आश्रय स्थल व्यवस्था गर्न पहल गरिनेछ।

३.६ सुरक्षित वैदेशिक रोजगारलाई प्रबर्द्धन एवम् महिला तथा बालबालिका बेचविखन रोकथामसँग सम्बन्धित निकायहरुसँगको समन्वय र सहकार्यमा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गरिनेछ।

३.७ महिलाको जीवनस्तर उकासी सवल वनाउन महिला तथा वालवालिका कार्यालय, कृषि विकास कार्यालय र अन्य सहयोगी सघ संस्थाहरुको समन्वय र सहकार्यमा कम्तिमा २ हजार जना महिलाहरुलाई लक्षित् गरी आय आर्जनको कार्यक्रम संचालन गरिनेछ।

## ४. आदिवासी/जनजाती, दलित अपाङ्गता जेष्ठ नागरिक

४.१ दोलखा जिल्लामा रहेका विभिन्न जातजातीहरूको पहिचान सहितको संग्रहालय निर्माणको लागि आवश्यक पुर्वाधार निर्माणको कार्यलाई निरन्तरता दिइनेछ। जिरेल संग्रहालयको लागि आवश्यक सहयोग उपलव्ध गराइनेछ।

४.२ आदिवासी/जनजाती, दलित र अपाङ्गता भएका वर्गको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षित वर्गको सामाजिक तथा आर्थिक उन्नतिको लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४.३ जातीय आधारमा हुने छुवाछुत र भेदभाव न्युनीकरणका लागि सामाजिक अभियान सञ्चालन गरिनेछ।

४.४ विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था समेतको सहयोगमा दोलखा जिल्लाको विभिन्न स्थानमा जेष्ठ नागरिकहरूको संरक्षण विषयमा जनचेतना अभिबृद्धि कार्यक्रममा जोड दिइने छ। साथै फस्कु गाविसको चरङ्गेमा बृदाश्रम तथा चरिकोटमा दिवा सेवा केन्द्र स्थापना र सञ्चालनमा पहल गरिनेछ।

## ५. युवा तथा खेलकुद

५.१ स्थानीय युवा साझेदारी कार्यक्रम मार्फत युवा परिचालनलाई निरन्तरता दिइने छ। उक्त कार्यक्रमको प्रभावकारीताको लागि आवश्यक समन्वय गरिनेछ। युवालाई रोजगारीमूलक क्षेत्रमा आकर्षण गर्नेगरी सिपमुलक तालिम कार्यक्रमहरु अगाडि बढाइनेछ।

५.२ खेलकुदमा युवा वर्गको सहभागिता अभिबृद्धि गर्न स्थानीय संघसंस्था समेतको सहभागितामा जिल्ला गाउँ/नगर तहमा विभिन्न खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

५.३ विकासमा युवाको सहभागितालाई प्रमुख प्राथमिकता दिदै युवाको आवश्यकता र चाहना अनुरुपका कार्यक्रमहरू तयार गरी युवाहरूकै संलग्नतामा विकास कार्यक्रमहरू सञ्चालन गर्ने परिपाटीलाई संस्थागत गरिनेछ र जिविसको अगाडि रहेको टुडिखेल मैदानलाई व्यवस्थित गर्न भिमेश्वोर नगरपालिकासँग समन्वय गरी कार्य अगाडि बढाइनेछ।

## ६. कृषि/पशुसेवा

६.१ दोलखा जिल्लाको बाहैमहिना यातायात सञ्चालन भएका सडक आसपास क्षेत्रमा सम्भावनाको आधारमा व्यवसायिक तरकारी/फलफुल खेती र यातायातको सहज पहुँच नभएका स्थानमा बीउ उत्पादन तर्फ किसानहरूलाई प्रोत्साहित गरिनेछ।

६.२ कृषि क्षेत्रको विकासका लागि सम्भाव्यताको आधारमा जिल्लामा विभिन्न पकेट क्षेत्र निर्धारण गरी सोही आधारमा कार्यक्रम र बजेटको विनियोजन गरिनेछ।

६.३ अलैची, अम्रिसो र यस्तै प्रकारको तुरुन्त आय आर्जन गर्न सकिने नगदे वालीलाई प्रोत्साहन गरी उत्पादन बढाउन जिल्ला कृषि विकास कार्यालयसंग समन्वय गरी जिविसले साझेदारी रुपमा सहयोग पुर्याउनेछ।

६.४ सहकारी, नीजि क्षेत्र तथा समूह मार्फत उच्च मूल्यका कृषि बाली, नगदेबाली, जस्तै आलु, किवीफल, सुन्तला, अनार, अलैची जस्ता नगदे तथा वेमौसमी तरकारी खेती, अन्नवाली, फलफुल, चिया, व्यवसायिक फूल खेतीलाई प्रवर्धन गर्ने, बजारीकरण गर्ने र किवी, सुन्तला र अनारको स्रोत र प्रदर्शनी केन्द्रको रुपमा विकास गरिनेछ। माटो परीक्षणको आवश्यकतालाई प्रचार प्रसार गरी परीक्षणको नतिजाको आधारमा खेती गर्ने व्यवस्थालाई प्रोत्साहित गरिनेछ।

६.५ उत्पादन र उत्पादकत्व अभिबृद्धि र उत्पादन लागत कम गरी कृषिको आधुनिकीकरणका लागि आधुनिक कृषि औजार खरिद र प्रयोगलाई प्रोत्साहित गरिनेछ।

६.६ दोलखा जिल्लालाई गाई, बँगुर र बाख्राको स्रोत केन्द्रका रुपमा विकास गरी स्वच्छ दुध, मासुजन्य उत्पादनमा आत्मनिर्भर भई बाह्य व्यापार विस्तारमा समेत प्रोत्साहित गरिनेछ र लोकल जातका कुखुरा पालनमा आकर्षित हुने किसानलाई पशुसेवा कार्यालय मार्फत सेवा सुविधा उपलब्ध गराइनेछ।

६.७ एक गाउँ एक उत्पादनको अवधारणालाई आत्मसात गर्दै लोक्ता कार्यक्रमलाई प्राथमिकताको रुपमा लिई यसबाट उत्पादित वस्तुमा मूल्य अभिबृद्धि गराई निर्यात प्रबर्द्धन गरिनेछ।

६.८ सिंचित क्षेत्र विस्तारको लागि ठूला सिंचाईको सम्भाव्यता अध्ययन, प्राथमिकता निर्धारण सञ्चालन र सम्पन्न भएका सिंचाई आयोजनाहरूको मर्मत सम्भारमा विशेष ध्यान दिइनेछ। साथै साना सिंचाई आयोजनाहरू सञ्चालन एवम् सिंचाई पोखरी निर्माण गरी सिंचाईको तत्काल आवश्यकताहरू पूरा गर्दै लगिनेछ।

६.९ खाद्यसङ्कट भएको क्षेत्रहरूमा खाद्य सुरक्षाको सुनिश्चित गर्ने कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

## ७. लघु उद्यम/उद्योग व्यासाय

७.१ लघु तथा घरेलु उद्यमको माध्यमबाट गरिव र अति गरिव परिवारको आर्थिक तथा सामाजिक अवस्था सुधार्नको लागि सञ्चालित लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७.२ उद्यमशिलताको विकाससंगै लघु उद्यमको विकास र प्रबर्द्धन गरी गरिवी न्यूनिकरण सम्वन्धी कार्यक्रमहरु सञ्चालनको लागि लघु उद्यम विकास कोषलाई निरन्तरता दिंदै अति विपन्न, गरिव, महिला, दलित तथा आदिवासी जनजातिहरुको गरिवी न्यूनिकरणमा सहयोग पुर्याउन तयार पारिएको जिल्ला उद्यम विकास रणनैतिक योजना २०७१ अनुरुप कार्यक्रम कार्यान्वयन गरिनेछ।

७.३ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्नको लागि स्थापना भएका संकलन केन्द्र तथा विक्री केन्द्रहरुको क्षमता विकास गरी थप केन्द्रहरुको स्थापनामा जोड दिइनेछ।

७.४ दोलखा जिल्लाका उद्योग व्यासायलाई प्रबर्द्धन गर्न जिल्ला उद्योग वाणिज्य संघ संगको सहकार्यमा निजि क्षेत्र समेत लाई सम्मिलित गराई कार्यक्रम संचालन गरिनेछ। उद्योग वाणिज्य संघ संग साझेदारीमा कोशेली घरलाई व्यवस्थित रुपमा संचालन गरिनेछ।

## ८. वन, वातावरण तथा भूसंरक्षण र विपद् व्यवस्थापन

८.१ सडक आयोजना सञ्चालन गर्दा एक्साभेटर/डोजरको प्रयोगलाई निरुत्साहित गरिने छ। यदि यस्ता उपकरणहरूको प्रयोग गर्नुपर्ने भएमा जिविसको कार्यालय/जिल्ला प्राविधिक कार्यालयको पूर्व स्वीकृतीलाई अनिवार्य गराइनेछ।

८.२ सन् २०१६ सम्ममा दोलखालाई घरभित्रको धुवाँरहित क्षेत्रको रुपमा विकास गर्ने अभियानलाई विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाको सहयोगमा तिब्रता दिइनेछ।

८.३ जिल्लामा रहेका बन सम्पदाको संरक्षण तथा व्यवस्थापन गर्दै जिल्लाको समग्र आर्थिक विकासमा ती सम्पदाको दीगो उपयोग कायम गराउन उपभोक्ताको सहभागितालाई प्रोत्साहित गरिनेछ।

८.४ विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको समन्वय र सहकार्यमा दोलखा जिल्लाको विपत व्यवस्थापन प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ।

८.५ विपद् व्यवस्थापनको लागि आवश्यक वजेट व्यवस्था गरी प्रकोपमा परेका व्यक्तिहरूको उद्धार तथा राहत तथा पुनर्निर्माण जस्ता कार्यक्रम सञ्चालन गराइने छ। विपद् व्यवस्थापनका लागि जिल्ला स्तरमा प्रकोप व्यवस्थापन विशेष कोष सञ्चालनलाई निरन्तरता दिइनेछ।

८.६ वार्षिक योजना तर्जुमा गर्दा जलवायु परिवर्तनको नकारात्मक असरलाई न्युनिकरण गर्ने प्रकृतिका विकास आयोजनालाई प्राथमिकता दिई वातावरण मैत्री बनाउंदै लगिने र बातावरण मैत्री स्थानीय शासनलाई परिवार तहसम्म विस्तार गर्दै लगिनेछ।

८.७ भू–क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई न्यूनीकरण गर्न दोलखा जिल्लाका सम्पूर्ण गाविस तथा नगरपालिकामा स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा जोड दिइनेछ।

८.८ वातावरणीय संरक्षणलाई प्राथामिकतामा राखी जिल्ला विकास समितिले सञ्चालन गर्ने सबै सडकमा कुल लगत इष्टिमेटको रकमको कम्तिमा ५ प्रतिशत रकम वातावरणीय संरक्षण र प्रबर्धनमा खर्च गर्ने गरी लगत इष्टमेटमा नै समावेश गरिने नीति लिइनेछ।

८.९ वन विनाश, वन क्षयीकरण, कार्वन उत्सर्जन र जलवायु परिवर्तनको जोखिमलाई न्यूनिकरण गर्न वैकल्पिक उर्जाको प्रयोगलाई बढाउने किसिमका आयोजनाहरू (सौर्य उर्जा, सुधारिएको चुल्हो, गोवर ग्याँस आदि) सञ्चालन, वन नर्सरी र वैज्ञानिक वन व्यवस्थापन मार्फत वातावरण संरक्षणमा जोड दिइने छ। वातावरण संरक्षणको लागि कुल आयोजना लागतको ३ प्रतिशत बजेट विनियोजन गरिनेछ।

८.१० जलवायु परिवर्तन, अवैज्ञानिक भू–उपयोग तथा जलजन्य प्रकोपका कारण जलाधार, वस्ती, टार ठूला पूर्वाधारहरू आदि क्षेत्रहरूमा सिर्जित आर्थिक, मानविय एवम् भौतिक प्रतिकुल प्रभाव/हानीनोक्सानी सम्बन्धमा अध्ययन गरी जोखिम न्युनिकरण गर्न उपयुक्त प्रविधिको माध्यामबाट जनसहभागितामुलक पद्धती अपनाई अनुकुलन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

८.११ विकास निर्माणको कार्य गर्दा प्रकोप जोखिम न्यूनीकरणमा ध्यान दिनु पर्नेछ । स्थानीय तहमा विपद् पूर्व तयारी तथा जोखिम न्यूनीकरण योजना तयार गर्नुपर्ने र तयारी भैसकेको योजनाको कार्यान्वयन र अद्यावधिक गर्दै लैजानु पर्नेछ।

८.१२ जिल्लाको आन्तरिक श्रोतलाई सुदृढिकरण गरी आयका क्षेत्रहरु पहिचान गरी आन्तरिक श्रोतलाई उल्लेख्य बृदि गर्ने गरी कार्यक्रम संचालन गरिनेछ । आउदो वर्षमा आन्तरिक श्रोतका क्षेत्र विस्तार गरिने छ । GCAP वाट प्राप्त गर्नुपर्ने श्रोतलाई जिल्ला विकास समिति भित्रको दायरामा ल्याइने छ।

## ९. विद्युत/उर्जा

९.१ ग्रामीण तथा सामुदायिक विद्युतीकरणको विकास र विस्तारमा विशेष जोड दिदै समुदायमा आधारित विद्युत उत्पादन प्रणाली, नविकरणीय तथा बैकल्पिक उर्जा उत्पादनलाई प्रोत्साहित गरिनेछ।

९.२ नेपालमा रहेको उर्जा संकटलाई न्यूनीकरण गर्न र जिल्लाको आर्थिक उन्नती गर्नका लागि जिल्ला विकास समितिको अगुवाइमा नेपाल सरकारको सार्वजनिक नीजि साझेदारी नीति अनुरुप सबै सरोकारवालाहरूको सहकार्यमा नमुना जलविद्युत आयोजना सञ्चालन गरिनेछ।

९.३ केन्द्रीय प्रसारण लाईनबाट पाँच वर्ष भित्रमा विद्युतिकरण हुन सक्ने क्षेत्रहरूमा लघु जलविद्युत आयोजना निर्माण कार्यलाई निरुत्साहित गरिनेछ।

९.४ यस जिल्लामा विभिन्न खोला नालाहरू दर्ता गरी इजाजत पत्र लिने तर विद्युत उत्पादन कार्य अगाडि नबढाई खोला नाला ओगट्ने कार्यलाई निरुत्साहित गर्न त्यस्ता ईजाजतपत्रवालाहरूको पहिचान गरी आयोजनाको कार्यान्वयन तथा इजाजत पत्र खारेज गर्न आवश्यक प्रक्रिया अगाडि बढाईनेछ।

९.५ जिल्लाको विकासको आधारको रुपमा रहेको जलश्रोतको उपयोगलाई व्यवस्थित र प्रभावकारी रुपमा अगाडी बढाउन स्थानीय सरोकारवाला र प्रभावित क्षेत्रका वासिन्दाहरुको हितलाई उच्च प्राथमिकतामा राख्दै नागरिक समाज, राजनैतिक दल, स्थानीय वासिन्दा लगायत सबैको सहभागितामा जलबिद्युत उत्पादनको लागि लगानी मैत्री वातावरण बनाइनेछ।

## १०. पर्यटन विकासः

१०.१ जिल्ला विकास समिति, दोलखा र नेपाल पर्यटन वोर्डको समन्वय र सहकार्यमा तयार गरिएको दोलखा जिल्लाको पर्यटन विकास तथा व्यवस्थापन योजना अनुसार पर्यटन विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१०.२ दोलखा जिल्लाको ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरूको अध्ययन, अनुसन्धान गरी ती क्षेत्रहरूको संरक्षण तथा सम्बर्दनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन्।

१०.३ पर्यटन विकास तथा व्यवस्थापन योजनाको कार्यान्वयन एवं दोलखा जिल्लाको लाकुरीडाँडा गाविसमा अवस्थित डाङडुङे डाँडामा फिल्म नगरी निर्माण गरी दोलखा जिल्लालाई पर्यटकीय गन्तब्य स्थलको रुपमा घोषणा गर्न आवश्यक समन्वय गरिनेछ।

१०.४ आन्तरिक पर्यटकको आगमनलाई बढाउन जिल्लाको विगु, गौरीशंकरको सिमिगाउँ, शैलुंगको झोरमनागाउँ, लाकुरीड़ाडाको आहलडाडामा तथा जिरीको सिक्री गाउँमा होमस्टे संचालनको लागि गाविस तथा अन्य निकायको समन्वयमा कार्य अगाडी बढाइनेछ।

१०.५ ऐतिहासिक घटनाको स्मरण र वाह्य पर्यटकहरु आकर्षणको लागि २०७२ साल बैशाख २९ गतेको शक्तिशाली पराकम्पनको केन्द्रबिन्दु सुनखानी गाविसमा भूकम्प स्तम्भ निर्माण गर्न पहल गरिनेछ।

## ११. सुशासन / संचार

११.१ भौगोलिक विकटताको कारणले सेवा प्रवाहमा सवै नागरिकहरुको पहुँचमा कमि भएकोले विभिन्न सरकारी निकाय र गैरसरकारी संस्था समेतको समन्वय र सहकार्यमा घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११.२ सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागितालाई प्रबर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशासनको अनुभूति दिलाइनेछ। जिविसबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरूको सार्वजनिक सुनुवाई, सामाजिक परिक्षणलाई संस्थागत र निरन्तरता दिइनेछ।

११.३ राज्यको चौथो अङ्ग मानिएको पत्रकारिता क्षेत्रको विकासमा विशेष ध्यान दिइने छ। जिल्लाको समग्र विकास गतिविधिका बारेमा स्थानीय छापा माध्यम तथा स्थानीय एफ.एमहरूबाट जानकारी गराई पारदर्शीता अभिबृद्धि गरिनेछ

११.४ जिल्लाको विकास निर्माण कार्यमा सहयोग पुर्याउने उदेश्यले जिल्लामा बसेर खोज तथा विकास पत्रकारिता गर्ने पत्रकारलाई वार्षिक रुपमा पुरस्कार प्रदान गर्ने गरी जिविस दोलखाले रु. १,००,००० ( एक लाख रुपैया) को अक्षय् कोष स्थापना गरिनेछ।

११.५ अनुगमन तथा मुल्यांकन प्रणालीलाई सूचकमा आधारित बनाई सवै विकासका क्रियाकलापहरूको अनुगमन गर्ने र त्यसबाट प्राप्त सुझावहरूलाई व्यवस्थापकीय सूचना प्रणाली (MIS) मा समावेश गरी आगामी योजना तर्जुमामा उपयोग गरिने छ। सरकारी तथा गैरसरकारी निकायबाट १५ लाख वा सो भन्दा बढी लगानीमा सञ्चालित आयोजना तथा कार्यक्रमको जिल्ला विकास समितिको अगुवाइमा सम्बन्धित निकायको लागत सहभागितामा नतिजामुखी अनुगमन प्रणालीलाई संस्थागत गर्दै लगिनेछ तथा राजनैतिक दल,पत्रकार, गैर सरकारी संस्थाको प्रतिनिधि, विषयगत कार्यालय र जिविसको कर्मचारी सहितको क्लस्टर बेसमा संयुक्त अनुगमन गराइनेछ।

११.६ जिविस र विषयगत कार्यालयका कर्मचारी, नागरिक समाज, पत्रकार लगायत उपभोक्ता समितिहरूलाई आवश्यकता अनुसार क्षमता विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

११.७ जिल्ला विकास समितिको कार्यालय, विषयगत कार्यालय र गाविसका कर्मचारीहरुलाई सूचना प्रविधि मैत्री बनाउदै लगिनेछ। जिविस दोलखामा ई-हाजिरीको प्रयोग तथा सरोकारवालाहरुलाई Mobile Application संचालणमा ल्याई e-governance लाई बढावा दिइनेछ।

११.८ जिल्लावासीलाई सूचना र प्रविधिमा पहुँच बढाउन र आधुनिक प्रविधि मैत्री हुन आगामी आ. व. मा गाउँ विकास समिति र अन्य सहयोगी संस्थासंगको समन्वयमा काब्रे गाविसलाई **Free WiFi Zone** घोषणा गर्ने गरी यसै आ. व. बाट कार्य प्रारम्भ गरिनेछ र अवको ५ वर्षमा सवै गाविसमा यो प्रविधिको विस्तार र विकास गरिनेछ।

११.९ जिल्ला विकास समितिबाट सञ्चालन भएका भौतिक पूर्वाधार सम्बन्धी योजनाहरूको तेश्रो पक्षबाट अनुगमन गराउने सिलसिलामा नेपाल पत्रकार महासंघ र निर्माण व्यवसायी संघ दोलखाबाट स्वतन्त्रपूर्वक अनुगमन गराउने पद्धति अवलम्वन गरिनेछ। मोफसलमा बसेर पत्रकारिता गर्ने पत्रकारको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

## १२. भौतिक पूर्वाधार/ पुन: निर्माण

१२.१ जिल्लास्तरीय मुख्य सडकहरूको सञ्जाल (District Road Core Network, DRCN) भित्र परेका सडकहरूलाई सर्वयाम (All Weather) सवारी साधन सञ्चालन हुन सक्ने बनाउनको लागि बजेट विनियोजन गरी उक्त सडक अन्तर्गत परेका सडकहरूका लागि सडक पुल निर्माण गर्न प्राथमिकता दिइनेछ। उक्त सडकको नियमित मर्मत सम्भारको लागि हेरालुको व्यवस्था गरिनेछ। **अवको जिल्लाको गति, कच्ची सडकको स्तरोन्नति** भन्ने नारा अगाडी बढाइनेछ।

१२.२ दोलखा जिल्लाको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार विकासका लागि लगानी गर्न इच्छुक सरोकारवालाहरूलाई प्रोत्साहित गरी लगानी मैत्री जिल्लाको रुपमा पहिचान गराइनेछ।

१२.३ आवश्यकताको आधारमा सडक पुल र झोलुङ्गे पुल निर्माण र मर्मतलाई निरन्तरता दिइनेछ।

१२.४ गाविस केन्द्रसम्म सडक सञ्जाल विस्तार नभएका गाविसहरूमा गाविस केन्द्रसम्म सडक विस्तार गर्ने कार्यलाई प्राथमिकता दिइने छ। गुणस्तर सुनिश्चितताको लागि जिल्ला विकास समितिमा रहेको LAB को सञ्चालन र प्रयोगलाई अगाडि बढाइने र प्रभावकारी बनाइने छ।

१२.५ जिल्लामा निर्माण भैसकेका सडकहरूको लगत तयार पार्ने (सडक सञ्चालनमा रहेको जग्गा व्यक्तिको नाममा भए व्यक्तिको नामबाट सडकको नाममा ल्याउने), ग्रामीण सडकहरुको Right of Way (अधिकार क्षेत्र) निश्चित गरिने र सडक निर्माणको क्रममा सडक निर्माणको कुल बजेटको कम्तीमा ५ प्रतिशत रकम सडक आसपासमा वातावरणीय संरक्षणको लागि खर्च गर्ने नीति लिइनेछ।

१२.६ भूकम्पले क्षति भएका जिल्ला स्थित सरकारी भवनहरूको पुर्ननिर्माण र मर्मत सम्भारतर्फ प्राथमिकता दिइनेछ। पुन: निर्माणको क्रममा वातावरण मैत्री, अपाङ्ग मैत्री, महिला मैत्री, लागत प्रभावकारी र भूकम्प प्रतिरोधी प्रविधि प्रयोगमा निरन्तरता दिइनेछ।

१२.७ कुनै गाविसले एकीकृत वस्ती विकास योजनालाई अगाडि ल्याएमा सो ठाउँसम्म विकास पूर्वाधारको पहुँच बढाउन जिल्ला विकास समितिले सडक, शिक्षा ,स्वास्थ्य, खानेपानी तथा सरसफाई कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयनमा जोड दिइनेछ।

१२.८ पुन: निर्माणको कार्य अगाडि बढाउदा नयाँ बन्ने घरसगै एक घर एक चर्पीको साथै प्रत्येक घरमा सुधारिएको चुलो जडान अभियानलाई संगसंगै अगाडि बढाईनेछ ।

## १३. क्षमता विकास/ मानव संसाधन विकास

१३.१ जिविस, विषयगत कार्यालयहरु, नगरपालिका, गाविस र गैर सरकारी निकायमा कार्य गर्ने कर्मचारीहरुको लागि सूचना प्रविधि, प्रतिवेदन लेखन, नतिजामुखी अनुगमन तथा मुल्यांकन, जिल्ला योजना अनुगमन तथा मुल्यांकन (DPMAS), Web Based Reporting, विपत व्यवस्थापन सम्बन्धी तालिम/अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

१३.२ जिल्ला प्राविधिक कार्यालयका प्राविधिक कर्मचारीहरुको लागि आवश्यक विभिन्न किसिमका प्राविधिक तालिम संचालन गरि प्राविधिक कर्मचारीहरुको क्षमता विकास गरिनेछ।

१३.३ जिविस/जिल्ला प्राविधिक कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि अवलोकन भ्रमण (Exposure visit) कार्यक्रम संचालन गर्ने र स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको वृत्ति विकासमा विशेष ध्यान दिइनेछ।

१३.४ राजनैतिक दलका पदाधिकारी/प्रतिनिधिहरु तथा उपभोक्ता समितिका पदाधिकारीहरुको लागि विकास योजना तर्जुमा र कार्यान्वयन सम्वन्धमा तालिम/अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

### आदरणीय महानुभावहरु

भूकम्पपछि अस्तव्यस्त समाज र कमजोर मनोबलले कार्यसम्पादनस्तर न्यून हुनु, भौगोलिक विकटता ,सार्थक सरोकारवालाको सहभागिता न्यून हुनु, समयमै अख्तियारी र बजेट निकासा हुन नसक्नु, उपभोक्ता समिति गठनमा ढिलाई हुनु र असारे विकासको प्रवृति हावी हुदै जानु, ठेक्का प्रक्रिया लामो र झन्झटिलो हुनु तथा स्थानीयवासीहरुमा विकास प्रतिको अपनत्व भावनाको कमी हुनु चालु आ. व. मा जिल्लाको विकास निर्माण कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्नाका कारणहरु भएको निवेदन गर्न चाहन्छु

## आदरणीय अतिथिज्यूहरू,

माथि उल्लेखित नीति तथा योजना तर्जुमाका आधारमा आर्थिक वर्ष २०७३/७४ का लागि जिल्ला विकास समिति, दोलखा, गाविस, विषयगत कार्यालय, गैर सरकारी संस्थाहरुको बजेट तथा कार्यक्रमहरू प्रस्ताव गर्ने अनुमति चाहान्छु। आगामी आर्थिक बर्ष २०७३/७४ का लागि जिल्लाको कूल रु. ४,२५,७५,३८,८७९।– (चार अर्ब पच्चीस करोड पचहत्तर लाख अठ्तीस हजार आठ सय उनन्अस्सी रुपैया) को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सार्वजनिक गर्दछु। यसको विस्तृत विवरण देहाय अनुसार रहेको छ ।

| क्र. स. | विषय क्षेत्र | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | जिल्ला विकास समिति | २८,७३,४०,००० | १५,४९,१६,००० | ४४,२२,५६,००० |
| २ | जिल्ला प्राविधिक कार्यालय | - | १६,४५,००,००० | १६,४५,००,००० |
| ३ | विषयगत कार्यालयहरु | २५,५४,२३,४०० | १,९२,१८,६०,०००० | २,१७,७२,८३,४०० |
| ४ | भीमेश्वर नगरपालिका | १,९२,१६,००० | ५,१८,४८,००० | ७,१०,६४,००० |
| ५ | जिरी नगरपालिका | ९३,००,००० | १,५४,००,००० | २,४७,००,००० |
| ६ | गाविसहरु | २,०७,६६,००० | ७,९९,५२,००० | १०,०७,१८,००० |
| ७ | गैरसरकारी संघ संस्थाहरु | १,३५,३२,५३७ | १,२६,३४,८४,९४२ | १,२७,७०,१७,४७९ |
| **जम्मा** | | **६०,५५,७७,९३७** | **३,६५,१९,६०,९४२** | **४,२५,७५,३८,८७९** |

**अन्त्यमा,**

जिल्ला विकास योजना तर्जुमाको सिलसिलामा वडा नागरिक मञ्च, गाउँ परिषद् देखि इलाकास्तर हुँदै विषयगत योजना तर्जुमा समिति, एकिकृत योजना तर्जुमा समिति, जिल्ला विकास समिति बैठकहरूमा सक्रिय सहभागिता जनाई राय–सुझाव, सल्लाह र सहयोग प्रदान गरी जिल्ला विकास योजना तर्जुमामा सहयोग गर्नुहुने राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, सरकारी तथा गैरसरकारी निकायका प्रमुख एवम् प्रतिनिधिज्यूहरू र जिविसको कार्यालयका सम्पूर्ण कर्मचारीहरु, जिल्ला प्राविधिक कार्यालयका कर्मचारीहरु, नागरिक समाज, पत्रकार लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु।

कार्य व्यस्तताको वावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस कार्यक्रमको गरिमा बढाई दिनु हुने प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, पत्रकार, नागरिक समाज लगायत अन्य उपस्थित महानुभावहरूमा जिल्ला विकास समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु।

प्रस्तुत कार्यक्रम तथा बजेटको सफल कार्यान्वयन तथा दोलखा जिल्लाको पुन: निर्माण र नव निर्माण कार्यमा यहाँहरूको निरन्तर सहयोग, समन्वय र सहकार्यको अपेक्षा गर्दछु।

धन्यवाद।

बिष्णु प्रसाद शर्मा
स्थानीय विकास अधिकारी
जिल्ला विकास समिति
दोलखा